# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/पूर्वाधार/१/०७८/७९

मिति: २०७८/०८/२७

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकको लागि जारी गरिएको निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७५ मा संशोधन/परिमार्जन थप व्यवस्था सम्बन्धमा

| | निर्देशन नं. | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. २ को बुँदा ४(ङ) मा संशोधन । | (ङ) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया शुरु भएको १८० दिन नाघेमा वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा, | ङ) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया **शुरु भएमा** वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा, |
| २. | इ.प्रा. निर्देशन नं. २ को बुँदा ४(च) मा संशोधन । | (च) कर्जा सुचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई कर्जा प्रदान गरेको अवस्थामा, | **(च) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई नयाँ वा थप कर्जा प्रदान गरेको अवस्थामा,** |
| ३. | इ.प्रा. निर्देशन नं. २ को बुँदा ४ मा उपबुँदा झ थप | हाल नभएको । | **(झ) पूर्वाधार विकास बैंकबाट कर्जा लिएको ऋणीले आफूसँग सम्बद्ध व्यक्ति वा संस्थालाई कर्जा/सापट प्रदान गरेमा ।** |
| ४. | इ.प्रा. निर्देशन नं. २ को बुँदा ५ मा संशोधन । | **५. आवधिक कर्जा सम्बन्धी व्यवस्था**<br>पूर्वाधार निर्माण परियोजनामा प्रदान गरिएको आवधिक कर्जाको हकमा कुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता रकमलाई मात्र खराब वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | **५. आवधिक कर्जासम्बन्धी व्यवस्थाः**<br>पूर्वाधार निर्माण परियोजनामा प्रदान गरिएको आवधिक कर्जाको हकमा कुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता**को साँवा** रकमलाई मात्र खराब वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । |
| ५. | इ.प्रा. निर्देशन नं. २ को बुँदा ८ को उपबुँदा ३ मा संशोधन । | (३) संस्थाले चाहेमा माथिल्लो वर्गको कर्जा सापटहरुलाई तल्लो वर्गमा वर्गीकरण गर्न सक्नेछ । उदाहरणका लागि कमसल कर्जालाई शंकास्पद वा खराब कर्जामा र शंकास्पदलाई खराव कर्जामा वर्गीकरण गर्न पाइने छ । | (३) **पूर्वाधार विकास बैंक**ले चाहेमा माथिल्लो वर्गको कर्जा सापटहरुलाई तल्लो वर्गमा वर्गीकरण गर्न सक्नेछ । **उदाहरणका लागि कमसल कर्जालाई खराब कर्जामा वर्गीकरण गर्न सक्नेछ ।** |
| ६. | इ.प्रा. निर्देशन नं. २ मा बुँदा | हाल नभएको । | |

| | | | |
|---|---|---|---|
| | ९ थप गरी क्रमसंख्या मिलान | | कर्जाको पुनरतालिकीकरण र पुनरसंरचना सम्बन्धी व्यवस्था:<br>(१) ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारमा पूर्वाधार विकास बैंक विश्वस्त भएमा कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछ :-<br>(क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण,<br>(ख) कर्जा असुल हुने सम्भावनाबारे पूर्वाधार विकास बैंक विश्वस्त भएको आधार, र<br>(ग) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको ।<br>(२) कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गरिएका स्पष्ट आधारहरु प्रत्येक कर्जा फाइलमा संलग्न हुनु पर्नेछ ।<br>(३) कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा असुल हुन बाँकी ब्याजलाई पुंजीकरण गर्न पाइने छैन ।<br>(४) असल वर्गमा वर्गीकरण भैरहेका कर्जालाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । कमसल, तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा लगातार दुईवर्षसम्म नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन ।<br>(५) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी लगातार दुई |

| | | | |
|---|---|---|---|
| | | | वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ ।<br>(६) उपबुँदा (१) बमोजिम वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।<br>*प्रष्टीकरणः*<br>**यस प्रयोजनको लागि "पुनरतालिकीकरण" भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने प्रक्रियालाई सम्झनु पर्छ ।*<br>**"पुनरसंरचना" भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने, बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।* |
| ७. | इ.प्रा. निर्देशन नं. २ को बुँदा १० मा उपबुँदा १ मा थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | (१) पूर्वाधार विकास बैंकले कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्नेछ । कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैंले सकार गर्नु पर्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकममध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकमभन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च लेख्ने व्यहोरा लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ ।<br>तर, यसरी मूल्याङ्कन गर्दा त्यस्तो गैर बैंकिङ्ग सम्पत्ति वापतको रकम सम्पूर्ण रुपमा हिसाब मिलान नभएसम्म लेना रकममध्येको ब्याज रकमलाई नाफा/नोक्सान हिसाबमा आम्दानी जनाउन पाइने छैन र त्यस्तो रकमलाई गैर बैंकिङ्ग सम्पत्ति वापतको नोक्सानी व्यवस्थामा सार्नु पर्नेछ । |
| ८. | इ.प्रा. निर्देशन | (च) गैर- बैंकिङ्ग सम्पत्तिको रुपमा | **(च)** गैर-बैंकिङ सम्पत्तिको रुपमा सकार गरेको सम्पत्ति धितो |

| | | | |
|---|---|---|---|
| | नं. २ को बुँदा १० को उपबुँदा ३(च) मा संशोधन । | सकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (गैर बैंकिङ्ग सम्पत्तिमा आउनु अघिको धनी) लाई फिर्ता गर्दा गैर बैंकिङ्ग सम्पत्ति लेखांकन गर्दाको मूल्यमा नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुर्‍याएको मानिने छैन । | सुरक्षण धनी (गैर-बैंकिङ सम्पत्तिमा आउनु अघिको धनी) लाई फिर्ता गर्दा गैर-बैंकिङ सम्पत्ति लेखाङ्कन गर्दाको मूल्य **वा फिर्ता गर्दाको समयमा रहेको बक्यौता रकम (साँवा र ब्याजको जोड) मध्ये जुन बढी हुन्छ सो रकममा** नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनी बीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुर्‍याएको मानिने छैन । |
| ९. | इ.प्रा. निर्देशन नं. २ को बुँदा १५ थप गरी क्रमसंख्या मिलान | **हाल नभएको** | **१५. अन्तरबैंक कारोबार/सापटी सम्बन्धमा :**<br>**पूर्वाधार विकास बैंकले अन्य इजाजतपत्रपाप्त बैंक तथा वित्तीय संस्थासँग गर्ने सापटी कारोबारलाई नियमित कर्जा सापटीको रुपमा नभई अन्तरबैंक कारोबार/सापटी (Interbank Transactions/Borrowings) को रुपमा मात्र गर्न पाइनेछ । अन्तरबैंक सापटीको अवधि बढीमा ७ दिनसम्म मात्र हुनेछ ।** |
| १०. | इ.प्रा. निर्देशन नं. २ को बुँदा १७ मा संशोधन | **१७. पर्यावरणीय प्रभावको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने सम्बन्धमा**<br>कुनै पनि प्रकृतिका उद्योग/परियोजनाहरुमा कर्जा लगानी गर्नुपुर्व अनिबार्य रुपमा पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्नेछ । साथै यस बैंकबाट जारी Environment & Social Risk Guideline लाई समेत कर्जा विश्लेषण गर्दा ध्यानमा दिनुपर्नेछ । | **१७. पर्यावरणीय तथा सामाजिक जोखिमको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने सम्बन्धमा :**<br>**(क) कर्जा लगानी गर्नुपूर्व परियोजना/ उद्योगको स्थापना गर्नको लागि ईजाजत/अनुमति/स्वीकृति लिन Initial Environmental Examination (IEE) र Environmental Impact Assessment (EIA) आवश्यक पर्ने परियोजना/ उद्योगको हकमा सम्बन्धित निकायबाट सो प्रतिवेदन स्वीकृत भएको आधारमा तथा IEE / EIA आवश्यक नहुने परियोजना/ उद्योगको हकमा पूर्वाधार विकास बैंक आफैले कर्जा लगानी गर्नुपूर्व पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।**<br>**(ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानूनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी** |

| | | | |
|---|---|---|---|
| | | | **Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को पालना हुने गरी आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोहीबमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ।**<br>**(ग) Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को अनुसूची ११ बमोजिमको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ।** |
| ११. | इ.प्रा. निर्देशन नं. २ को बुँदा १९ थप गरी क्रमसंख्या मिलान। | **हाल नभएको।** | **विदेशी धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न नपाइने सम्बन्धमा :**<br>**पूर्वाधार विकास बैंकले हक कायम गर्न नसकिने किसिमको विदेशमा रहेको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न पाइने छैन।** |
| १२. | इ.प्रा. निर्देशन नं. २ को बुँदा १९ मा संशोधन | **१९. धितो फुकुवा सम्बन्धमा**<br>संस्थाले प्रवाह गरेको कर्जा लगानी बमोजिम असुल उपर गर्नुपर्ने सम्पूर्ण रकम असुल भई सकेपछि सुरक्षण वापत राखिएको धितो तत्काल फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ। | **१९. धितो फुकुवा सम्बन्धमा :**<br>**कर्जा लगानीबमोजिम असुलउपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भइसकेपछि सुरक्षणवापत राखिएको धितो ५ कार्यदिनभित्र फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।** |
| १३. | इ.प्रा. निर्देशन नं. २ मा बुँदा २० थप गरी क्रमसंख्या मिलान | हाल नभएको। | **ब्याज पूँजीकरण गर्ने सम्बन्धमा :**<br>**परियोजना कर्जाको ग्रेस अवधिमा पाकेको ब्याजलाई पूँजीकरण गर्न पाइने छैन।**<br>**तर, देहायका राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गरिएका कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई पूँजीकरण गर्न बाधा पुगेको मानिने छैन।**<br>**(क)जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,** |

| | | | |
|---|---|---|---|
| | | | (ख)स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,<br>(ग)औषधि उद्योग,<br>(घ)केबुलकार उद्योग,<br>(ङ)चिनी उत्पादन सम्बन्धी उद्योग,<br>(च)दूग्ध जन्य वस्तु उत्पादन उद्योग,<br>(छ)नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र<br>(ज)परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु<br>(झ)अस्पताल<br>(ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु । |
| १४. | इ.प्रा. निर्देशन नं. २ को बुँदा २१ हटाई क्रमसंख्या मिलान । | **२१. निर्देशन पालना नगरेमा हुन सक्ने कारवाही**<br>संस्थाले यो निर्देशन पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही हुनेछ । | **निर्देशन नं. १९ को बुदा १३ मा सारिएको ।** |
| १५. | इ.प्रा. निर्देशन नं. ३ को बुँदा ५ मा उपबुँदा ज थप । | हाल नभएको । | **(ज) फर्म, कम्पनीबाहेक अन्य संस्थाहरुको हकमा सो संस्था सञ्चालन, नियन्त्रण वा व्यवस्थापनमा प्रत्यक्ष संलग्न व्यक्ति वा निजको एकाघरमा बसोबास गरी आएका वा छुट्टीभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी ।** |
| १६. | **४ को बुँदा नं १ को खण्ड (ङ) को** | (१) संस्थाले एकीकृत वित्तीय प्रतिवेदन लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial | (१) एकीकृत वित्तीय प्रतिवेदन लगायत प्रमुख वित्तीय परिसूचकहरुको अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) यस प्रयोजनका लागि तोकिएको ढाँचामा हरेक त्रयमासको |

| | | | |
|---|---|---|---|
| | **उपखण्ड (१)** | Indicators) को अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) यस प्रयोजनका लागि तोकिएको ढाँचामा हरेक त्रयमासको महिना व्यतित भएको मितिले ३० दिनभित्र कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ । यसरी विस्तृत अन्तरिम वित्तीय प्रतिवेदन वेबसाइटमा राखिएको व्यहोरा पत्रिकामा प्रकाशन गरिने प्रतिवेदनमा समेत उल्लेख गर्नुपर्नेछ । | महिना व्यतीत भएको **मितिले ७ दिनभित्र** कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ । यसरी विस्तृत अन्तरिम वित्तीय प्रतिवेदन वेबसाइटमा राखिएको व्यहोरा पत्रिकामा प्रकाशन गरिने प्रतिवेदनमा समेत उल्लेख गर्नुपर्नेछ । |
| १७. | **४ मा बुँदा नं. ४ थप गर्ने** | हाल नभएको । | **नाफा नोक्सान हिसाबमा लेखाङ्कन नभई Other Comprehensive Income मार्फत लेखाङ्कन हुने आय पछि Retained Earning मा लेखाङ्कन हुँदा वा लाभांश वितरण गर्ने गरी लेखाङ्कन हुँदा २० प्रतिशत रकम General Reserve मा जम्मा गर्नु पर्नेछ ।** |
| १८. | SODPL Format मा opening RE थप गर्ने | Statement of distributable profit or loss For the year ended …...Asar 20…….<br>(As per NRB Regulation)<br>Net profit or (loss) as per statement | Statement of distributable profit or loss For the year ended …...Asar 20…….<br>(As per NRB Regulation)<br>***Opening Retained Earning….***<br>Add: |

| | | | |
|---|---|---|---|
| | | of profit or loss Appropriations:<br>a. General reserve<br>b. Foreign exchange fluctuation fund<br>……………..(Table) | Net profit or (loss) as per statement of profit or loss<br>Appropriations:<br>a. General reserve<br>b. Foreign exchange fluctuation fund<br>……………..(Table)<br>***Total Distributable Profit as on year end date*** |
| १९. | **४ को बुँदा नं. ३ को उपबुँदा (ख) को (अ)** | (अ) पूर्वाधार विकास बैंकको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानी मध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी *(जस्तैः यस बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको कर्जामा पुँजीकरण गरिएको ब्याज रकम तथा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम)* बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकम सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ । | (अ) पूर्वाधार विकास बैंकको लेखानीतिबमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी *(जस्तैः यस बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको कर्जामा पूँजीकरण गरिएको ब्याज रकम तथा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम)* बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा **प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई** सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ । |
| २०. | **४ को बुँदा नं. ३ को उपबुँदा (ख) को (इ)** | (इ) आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गरेको लगानीमा हानी नोक्सानी (ImpairmentLoss) को रकम यस बैंकबाट जारी गरिएको इ.प्रा.निर्देशन नं. ८ बमोजिम कायम हुने लगानीमा सम्भावित हानी वापत | **पूर्वाधार विकास बैंकले नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) बमोजिम Fair value through profit or loss मा लेखाङ्कन गरेको लगानीका साथै अन्य कुनै सम्पत्तिहरुमा Fair value gain (unrealized gain) भएमा उक्त नाफा रकमलाई सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । नियमनकारी कोषमा** |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था रकम भन्दा कम भएमा कम भएजति रकम सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । संस्थाले हरेक लगानीमा NFRSsबमोजिम लेखाङ्कन हुने हानी नोक्सानी तथा इ.प्रा.निर्देशन नं.८ बमोजिम कायम हुने सम्भावित हानी वापत व्यवस्थाको विस्तृत विवरण प्रत्येक त्रयमासमा तयार गर्नु पर्नेछ र नियमनकारी कोषमा जम्मा भएको रकम NFRSs बमोजिम लेखाङ्कन हुने क्षति नोक्सानीको रकम बढदै गई नाफा नोक्सान हिसाव खर्च भएको अवस्थामा सो बढेको रकमलाई वार्षिक रुपमा नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ । | **जम्मा भएको रकम NFRSs बमोजिम सम्बन्धित सम्पत्तिको Fair value gain घटेको वा Fair value loss भएको अवस्थामा सो रकमलाई वार्षिक रुपमा नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ** |
| २१. | इ.प्रा. निर्देशन नं. ५ को बुँदा ४ को उपबुँदा १ मा संशोधन । | (१) यस बैंकबाट जारी गरिएको "कर्जा सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था(निर्देशन नं. २)" र "एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था ( निर्देशन नं. ३) तथा लगानी सम्बन्धी व्यवस्थाा (.निर्देशन नं. ८) लाई नै कर्जा तथा लगानी सम्बन्धी जोखिम न्यूनीकरण गर्ने आधारको रुपमा लिनुपर्ने छ। | (१) यस बैंकबाट जारी गरिएको **"कर्जा तथा सुविधासम्बन्धी व्यवस्था** (निर्देशन नं. २)" र "एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारणसम्बन्धी व्यवस्था (निर्देशन नं. ३) तथा लगानीसम्बन्धी व्यवस्था (निर्देशन नं. ८) लाई नै कर्जा तथा लगानी सम्बन्धी जोखिम न्यूनीकरण गर्ने आधारको रुपमा लिनुपर्ने छ। |

| | | | |
|---|---|---|---|
| २२. | इ.प्रा. निर्देशन नं. ५ को बुँदा १३ हटाइएको । | **१३. जोखिम व्यवस्थापन सम्बन्धी निर्देशनको पालना नगरेमा हुने कारवाही**<br>जोखिम व्यवस्थापन सम्बन्धी निर्देशनको पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा दफा १०० बमोजिम कारवाही गरिने छ । | **निर्देशन नं. १९ को बुदा १३ मा सारिएको ।** |
| २३. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा १(१०) मा संशोधन । | (१०) विवरण पेश गर्नुपर्ने<br>सञ्चालकले यस निर्देशनमा तोकिएका आचरणहरु पालना गरे नगरेको विवरण आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र अनिवार्य रुपमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागमा पठाउनुपर्नेछ । कुनै सञ्चालकले उक्त आचरणहरुको पालना नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारवाही यस बैंकका उपर्युक्त विभागहरुमा तुरुन्त पठाउनुपर्नेछ । | (१०) विवरण पेश गर्नुपर्ने<br>**पूर्वाधार विकास बैंकले आफ्ना** सञ्चालकले यस निर्देशनमा तोकिएका आचरणहरु पालना गरे नगरेको विवरण आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र अनिवार्य रुपमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागमा पठाउनुपर्नेछ । कुनै सञ्चालकले उक्त आचरणहरुको पालना नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारवाही यस बैंकका उपर्युक्त विभागहरुमा तुरुन्त पठाउनुपर्नेछ । |
| २४. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा १(१७) थप । | हाल नभएको । | **१७. सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था :**<br>**(क) आफू र पूर्वाधार विकास बैंकबीचमा भएको वा हुने कुनै शर्त बन्देजको सम्बन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरधनीको हैसियतबाट आफै वा आफ्नो प्रतिनिधिद्वारा साधारण सभामा भाग लिन र मतदान गर्न** |

| | | | |
|---|---|---|---|
| | | | पाउने छैन ।<br>(ख) आफूले गरेको वा गर्न छुटाएको वा गलत ढङ्गले गरेको कामको जवाफदेही वा आफ्नो स्वार्थ निहित रहेको कुनै पनि विषयका सम्बन्धमा साधारण सभामा हुने छलफलमा सञ्चालक वा निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउनेछैन ।<br>(ग) कुनै सेयर धनीले सम्बन्धित संस्थाको सञ्चालकलाई प्रतिनिधि नियुक्त गरेको अवस्थामा त्यस्तो सञ्चालकले आफ्नो निजी स्वार्थ वा सरोकार भएको विषयमा वा आफुलाई नियुक्त गर्ने विषयमा कसैको प्रतिनिधिको हैसियतले साधारण सभामा मतदान गर्न पाउने छैन ।<br>(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा आफुले लिएको पूर्वाधार विकास बैंकको शेयर धितो वा बन्धक राखी ऋण लिने शेयरधनीले त्यस्तो ऋण भुक्तान नगरेको कारणबाट निजउपर कानूनी कारबाही चलाई शेयर बापत मतदान गर्नबाट रोक लगाउन सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट लेखिई आएमा त्यस्तो शेयरधनीलाई निजले लिएको शेयर बापत ऋण चुक्ता नभएको अवधिभर मतदान गर्नबाट रोक लगाउनु पर्नेछ ।<br>(ङ) नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा २ को खण्ड ख,ग,घ तथा ङ बमोजिमको कारबाहीमा परेका सञ्चालक/शेयरधनी वा निजको प्रतिनिधिले कारबाही भएको मितिले एक वर्ष मतदान गर्न पाउनेछैन । |

| | | | |
|---|---|---|---|
| २५. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा ७(१) मा ञ थप । | हाल नभएको । | **(ञ) एउटा सञ्चालक एक कार्यकाल भन्दा बढी लगातार एउटै समितिमा संयोजक रहन पाउने छैन ।** |
| २६. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा ८(ख)(२) मा संशोधन । | (२) संस्थापक, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरिक्षक, कानूनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई ,<br>तर, विगतमा कुल चुक्ता पुँजीको एक प्रतिशत भन्दा कम सेयर धारण गरेका पूर्वाधार विकास बैंकका संस्थापक वा संस्थापक समुहका सेयरधनीलाई प्रदान भएको कर्जा तथा गैर कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनुपर्नेछ । | (२) संस्थापक, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानूनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई, |
| २७. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा १० मा ग र घ थप | हाल नभएको । | **(ग) प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा यस निर्देशनको अनुसूची नं. ६.३ बमोजिमको स्वःघोषणा गराई अभिलेख राख्नु पर्नेछ ।**<br>**(घ) सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| २८. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा १४ मा संशोधन | **१४.** (१)सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापन तहको पदाधिकारीले शिक्षा कर्जा, हायर पर्चेज कर्जा, घर कर्जा वा घरायसी प्रयोजनका सामग्री कर्जा, सरकारी ऋणपत्रको धितोमा वा Credit Card कर्जा बाहेक निजहरुको व्यक्तिगत नाममा अन्य कुनै किसिमका कर्जा लिन पाउने छैनन् । | (१)सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा **उच्च** व्यवस्थापन तहको पदाधिकारीले शिक्षा कर्जा, हायर पर्चेज कर्जा, घर कर्जा वा घरायसी प्रयोजनका सामग्री कर्जा बाहेक निजहरुको व्यक्तिगत नाममा अन्य कुनै किसिमका कर्जा लिन पाउने छैनन् ।<br><br>तर सरकारी ऋणपत्र, मुद्दती रसिद, सुनचाँदीको धितोमा वा Credit Card कर्जा लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।<br><br>***प्रष्टीकरण: उच्च व्यवस्थापन तहको पदाधिकारी भन्नाले पूर्वाधार विकास बैंकको प्रमुख कार्यकारी अधिकृत भन्दा दुई तह मुनिसम्मको पद धारण गरेको पदाधिकारीलाई जनाउँनेछ ।*** |
| २९. | इ.प्रा. निर्देशन नं. ७ को बुँदा १ मा संशोधन । | १. **निरीक्षण प्रतिवेदन उपरको प्रतिकृया**<br>निरीक्षण प्रतिवेदन उपरको प्रतिकृया स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा तीस दिनभित्र पूर्वाधार विकास बैंकको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनुपर्ने छ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा संस्थाले यस बैंकको स्वीकृति लिई प्राप्त भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नुपर्ने छ । | १. **निरीक्षण प्रतिवेदन उपरको प्रतिकृया**<br>निरीक्षण प्रतिवेदन उपरको प्रतिक्रिया स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३० दिनभित्र पूर्वाधार विकास बैंकको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनुपर्ने छ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा संस्थाले यस बैंकको स्वीकृति लिई **थप** भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नुपर्ने छ । |

| | | | |
|---|---|---|---|
| ३०. | इ.प्रा. निर्देशन नं. ८ मा बुँदा ७ हटाउने । | **७. लगानी सम्बन्धी निर्देशनको पालना नगरेमा हुने कारवाही**<br>लगानी सम्बन्धी निर्देशनको पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा दफा १०० मा उल्लिखित कुनै पनि कारवाही गर्न सकिनेछ । | **निर्देशन नं. १९ को बुदा १३ मा सारिएको ।** |
| ३१. | इ.प्रा. निर्देशन नं. ९ मा बुँदा १ मा संशोधन । | १. अनुसूची-१ मा उल्लेखित विवरणहरु सोही अनुसूचीमा तोकिएको अवधिभित्र यस बैंकको web addressमा loginगरी प्राप्त निर्देशन अनुसार Posting वा Uploadगर्नु पर्नेछ । | **१. अनुसूची-१ र २ मा उल्लेखित विवरणहरु सोही अनुसूचीमा तोकिएको अवधिभित्र तोकिएको ढाँचामा यस बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नु पर्नेछ ।** |
| ३२. | इ.प्रा. निर्देशन नं. ९ मा बुँदा २ मा संशोधन । | २. अनुसूची-२ मा उल्लेखित विवरणहरु यस बैंकको वेबसाइटमा राखिएको Excel sheet मा तयार पारी सोही अनुसूचीमा तोकिएको अवधिभित्र यस बैंकको web address मा login गरी Bulk Upload गर्नुपर्नेछ । Excel sheet मा संलग्न नभएका फारामहरु छुट्टै एक्सेलमा आधरित फारामहरु बनाई निर्देशन अनुसार पठाउनुपर्ने छ । यस्तो तथ्याङ्क विवरण नेपाली भाषामा पठाउँदा अनिवार्य रुपमा Bishall Font मा पठाउनु पर्नेछ । Bishall Font यस बैंकको वेबसाइट www.nrb.org.np बाट | २. अन्तर-बैंक कारोबारको विवरण कारोबार सम्पन्न गर्नासाथ र दैनिक तरलता विवरण अर्को कार्यदिनको मध्यान्ह १२:०० बजेसम्म **यस बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नु पर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| | | समेत डाउनलोड गर्न सकिनेछ । | |
| ३३. | इ.प्रा. निर्देशन नं. ९ मा बुँदा ४ मा संशोधन । | ४. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनकालागि एकजना छुट्टै पदाधिकारी तोकी निजको नाम, फोन नं. र इमेल ठेगाना सहितको जानकारी यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ । तथ्याङ्क विवरण पठाउंदा तोकिएको पदाधिकारीको नाम, फोन नं. र इमेल ठेगाना समेत उल्लेख गर्नुपर्नेछ । | ४. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनका लागि एकजना छुट्टै पदाधिकारी तोकी निजको नाम, **फोन नम्बर र इमेल ठेगाना यस बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नुपर्नेछ ।** तथ्याङ्क विवरण पठाउँदा तोकिएको पदाधिकारीको नाम, फोन नं. र इमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ । |
| ३४. | इ.प्रा. निर्देशन नं. ९ मा बुँदा ६ थप । | हाल नभएको । | **६. यस बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क तथा जानकारीहरु सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) मा तोकिए बमोजिमका रिटर्नहरु तथा ad hoc तथ्यांक र विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ ।** |
| ३५. | इ.प्रा. निर्देशन नं. १० को बुँदा नं.२ संशोधन । | २.संस्थापक तथा संस्थापक समुहको सेयर नामसारी वा बिक्री सम्बन्धमा प्रचलित कानुनको अधीनमा रही संस्थापक तथा संस्थापक समुहको सेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको सेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्ने छन् :- | **२. संस्थापक तथा संस्थापक समूहको सेयर नामसारी वा बिक्री सम्बन्धमाः**<br><br>प्रचलित कानूनको अधीनमा रही संस्थापक तथा संस्थापक समूहको सेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको सेयर देहायबमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्ने छन् :- |
| ३६. | बुँदा २ (ख) को | तर, चुक्ता पुँजीको एक (१) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक | तर, चुक्ता पूँजीको **दुई (२)** प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक सेयर खरीद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा सेयर |

| | | | |
|---|---|---|---|
| | प्रतिबन्धात्मक वाक्यांशमा संशोधन | सेयर खरीद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा सेयर खरीद/बिक्री गर्न वा हकप्रद शेयरको हक हस्तान्तरण गर्न यस बैंकको स्वीकृति लिनुपर्नेछ । | खरीद/बिक्री गर्न वा हकप्रद शेयरको हक हस्तान्तरण गर्न यस बैंकको स्वीकृति लिनुपर्नेछ । |
| ३७. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. ५ मा संशोधन | ५. **आयस्रोत (Income Source) सम्बन्धमा :**<br><br>जुनसुकै प्रयोजनको लागि पूँजी वृद्धि गर्ने सन्दर्भमा पूर्वाधार विकास बैंकका संस्थापक/संस्थापक समुहको सेयर खरीद गर्दा संस्थापक सेयरधनीहरूले तोकिएको ढाँचामा (पूर्वाधार विकास बैंक इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४ को अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत सम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सोको अभिलेख सम्बन्धित संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ । | ५. **आयस्रोत (Income Source) सम्बन्धमा :**<br><br>**पूर्वाधार विकास बैंकका संस्थापक/संस्थापक समुहको सेयर खरीद गर्दा संस्थापक सेयरधनीहरूले तोकिएको ढाँचामा (पूर्वाधार विकास बैंक इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४ को अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत सम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।** सोको अभिलेख सम्बन्धित संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सोसम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ । |
| ३८. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं १४ मा संशोधन | १४. **दुई प्रतिशतभन्दा घटी सेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था:**<br>चुक्ता पुँजीको एक (१) प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीहरुको नाममा | १४. **दुई प्रतिशतभन्दा घटी सेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था:**<br>चुक्ता पूँजीको **दुई (२)** प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीहरुको नाममा रहेको संस्थापक सेयर प्रचलित ऐन कानून तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरीद/बिक्री |

| | | | |
|---|---|---|---|
| | | रहेको संस्थापक सेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधिनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरीद/बिक्री गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्ने छैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड / Fit and Proper Testको व्यवस्थालाई परिपालना गरेको हुनुपर्नेछ । एक प्रतिशतभन्दा बढी सेयर धारण गरेका संस्थापक सेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक सेयर खण्डीकृत गरी एक प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाईने छैन ।<br>(क) संस्थापक सेयरधनीहरुको मृत्यु भएको, वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवन्डा भएमा वा अदालतको आदेश भएको अवस्थामा सम्बन्धित हकवालालाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्न सकिनेछ ।<br>(ख) मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक सेयरधनीले आफ्नो संस्थापक सेयर हस्तान्तरण गर्दा विद्यमान | गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्ने छैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड / Fit and Proper Testको व्यवस्थालाई परिपालना गरेको हुनुपर्नेछ । एक प्रतिशतभन्दा बढी सेयर धारण गरेका संस्थापक सेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक सेयर खण्डीकृत गरी एक प्रतिशत वा सोभन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाईने छैन ।<br>(क) संस्थापक सेयरधनीहरुको मृत्यु भएको, वा प्रचलित कानूनबमोजिम पारिवारिक अंशवन्डा भएमा वा अदालतको आदेश भएको अवस्थामा सम्बन्धित हकवालालाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्न सकिनेछ ।<br>(ख) मृत्यु भई वा प्रचलित कानुनबमोजिम पारिवारिक अंशवन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक शेयरधनीले आफ्नो संस्थापक शेयर हस्तान्तरण गर्दा विद्यमान संस्थापक सेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ । विद्यमान संस्थापक सेयरधनीहरुले उक्त सेयर खरीद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समुह वा बाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिनेछ । सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित संस्था मार्फत राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानूनको अधीनमा रही **पुनः सार्वजनिक सूचना प्रकाशन गरी** अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिनेछ । |

| | | | |
|---|---|---|---|
| | | संस्थापक सेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ। विद्यमान संस्थापक सेयरधनीहरुले उक्त सेयर खरीद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समुह वा बाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिनेछ। सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित संस्था मार्फत राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सुचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानुनको अधिनमा रही अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिनेछ। | |
| ३९. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. १४ को (च) मा संशोधन | (च) कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाबाट संस्थापक सेयरमा लगानी गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थामा बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने व्यवस्था रहेको हुँदा सो सम्बन्धी अवस्था सम्बन्धित संस्थाले यकीन गरेपछि मात्र संस्थापक सेयर खरीद/बिक्री कार्य हुन सक्नेछ। | (च) कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाबाट संस्थापक सेयरमा लगानी गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक पूर्वाधार विकास बैंकमा बढीमा **१० प्रतिशतसम्म** मात्र लगानी गर्न सक्ने व्यवस्था रहेको हुँदा सोसम्बन्धी अवस्था सम्बन्धित संस्थाले यकीन गरेपछि मात्र संस्थापक सेयर खरीद/बिक्री कार्य हुन सक्नेछ। |
| ४०. | इ.प्रा. निर्देशन नं. १० मा | (छ) माथि खण्ड घ, ङ र च मा उल्लिखित अवस्था पुरा भए नभएको | (छ) माथि खण्ड घ, ङ र च मा उल्लिखित अवस्था पुरा भए नभएको बारे पूर्वाधार विकास बैंकको सञ्चालक समितिले आफैँ |

| | | | |
|---|---|---|---|
| | बुँदा नं. १४ को (छ) मा संशोधन | बारे सम्बन्धित पूर्वाधार विकास बैंकको सञ्चालक समितिले आफैं यकिन गरेर मात्र संस्थापकहरुको स्वामित्व लगत किताबमा परिवर्तन गराउनु पर्नेछ । संस्थापक सेयर खरीद/बिक्री सम्बन्धी स्वीकृति सम्बन्धित पूर्वाधार विकास बैंकको सञ्चालक समितिले नै प्रदान गर्न सक्नेछ । | यकीन गरेर मात्र संस्थापकहरुको स्वामित्व लगत किताबमा परिवर्तन गराउनु पर्नेछ । |
| ४१. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. १४ को (झ) मा संशोधन | (झ) चुक्ता पुँजीको १ प्रतिशतभन्दा बढी संस्थापक सेयर धारण गरेको अवस्थामा त्यस्तो सेयर टुक्रा टुक्रा गरी वा एकमुष्ट रुपमा संस्थापक समुहमा नरहेको व्यक्तिलाई बिक्री गर्नु परेको खण्डमा सेयर बिक्री/हस्तान्तरण वा नामसारी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ । | (झ) चुक्ता पुँजीको **२ प्रतिशतभन्दा** बढी संस्थापक शेयर धारण गरेको अवस्थामा त्यस्तो सेयर टुक्रा टुक्रा गरी वा एकमुष्ट रुपमा संस्थापक समूहमा नरहेको व्यक्तिलाई बिक्री गर्नु परेको खण्डमा सेयर बिक्री/हस्तान्तरण वा नामसारी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ । |
| ४२. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. १४ को उपबुँदा (ञ) को २ मा संशोधन | (२) प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक सेयर खरीद गर्ने खरीदकर्ता संस्थापक समुहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक सेयर खरीदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको १ प्रतिशतभन्दा घटी संस्थापक सेयर धारण गर्ने संस्थापक सेयरधनीको संस्थापक सेयरको हकमा माथि उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्नेछ । तर, चुक्ता पुँजीको १ प्रतिशतभन्दा बढी सेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारी | (२) प्रचलित कानून तथा विद्यमान निर्देशनमा भएको व्यवस्थाबमोजिम यसरी संस्थापक सेयर खरीद गर्ने खरीदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक सेयर खरीदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको **२ प्रतिशतभन्दा** घटी संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीको संस्थापक सेयरको हकमा माथि उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्नेछ । तर, चुक्ता पूँजीको **२ प्रतिशतभन्दा** बढी सेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारीसम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने । |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने । | |
| ४३. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. १७ को उपबुँदा (१घ) को (२) मा संशोधन | (२) प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक सेयर खरीद गर्ने खरीदकर्ता संस्थापक समुहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक सेयर खरीदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको १ प्रतिशतभन्दा घटी संस्थापक सेयर धारण गर्ने संस्थापक सेयरधनीको संस्थापक सेयरको हकमा बुँदा नं. १४ मा उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्ने ।<br>तर, चुक्ता पुँजीको १ प्रतिशतभन्दा बढी सेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने । यस प्रक्रियाबाट सेयर खरिद गर्ने व्यक्ति/संस्था प्रचलित व्यवस्था अनुसार योग्यता पुगेको हुनु पर्नेछ । | (२) प्रचलित कानून तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक सेयर खरीद गर्ने खरीदकर्ता संस्थापक समुहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक सेयर खरीदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको **२ प्रतिशतभन्दा** घटी संस्थापक सेयर धारण गर्ने संस्थापक सेयरधनीको संस्थापक सेयरको हकमा बुँदा नं. १४ मा उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्ने ।<br>तर, चुक्ता पूँजीको **२ प्रतिशतभन्दा** बढी शेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने । यस प्रक्रियाबाट सेयर खरिद गर्ने व्यक्ति/संस्था प्रचलित व्यवस्थाअनुसार योग्यता पुगेको हुनु पर्नेछ । |
| ४४. | इ.प्रा. निर्देशन नं. १० मा बुँदा नं. १७ को उपबुँदा १ को खण्ड (ङ) मा संशोधन | (ङ) हकप्रद सेयर निष्काशन गर्दा साविकका संस्थापक सेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानुन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पुँजीको १ प्रतिशत वा | (ङ) हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानूनबमोजिम प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पूँजीको **२ प्रतिशत** वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीको हकमा सम्बन्धित संस्थाले नै संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit and Proper Test) पूरा गरेका व्यक्तिलाई |

| | | | |
|---|---|---|---|
| | | सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीको हकमा सम्बन्धित संस्थाले नै संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit and Proper Test)पुरा गरेका व्यक्तिलाई हक हस्तान्तरण गरी दिन सक्नेछ। | हक हस्तान्तरण गरी दिन सक्नेछ। |
| ४५. | इ.प्रा. निर्देशन नं. ११ को बुँदा ३ मा संशोधन । | **३. अन्य संस्थाले ऋण प्रवाह गर्न र ग्राहकको खाता खोल्न बन्देज**<br>सह-वित्तीयकरणमा सहभागी नभएको इजाजतपत्रप्राप्त संस्थाले सह-वित्तीयकरण समुहद्वारा प्रवाहित कर्जामा थप हुने गरी कुनै पनि प्रकारको कर्जा सापट तथा सुविधा प्रवाह गर्न पाउने छैन ।<br>तर, विशेष कारण परेमा सह-वित्तीयकरण समुहको स्वीकृति लिई त्यस्तो समुहमा सहभागी नभएको कुनै इजाजतपत्रप्राप्त संस्थाले सह-वित्तीयकरण समुहद्वारा प्रवाहित कर्जामा थप हुने गरी कुनै पनि प्रकारको कर्जा सापट तथा सुविधा प्रवाह गर्न पाउनेछ । | **३. अन्य संस्थाले ऋण प्रवाह गर्न र ग्राहकको खाता खोल्न बन्देज:**<br>(१) सह-वित्तीयकरणमा सहभागी नभएको इजाजतपत्रप्राप्त संस्थाले सह-वित्तीयकरण समूहद्वारा प्रवाहित कर्जामा थप हुने गरी कुनै पनि प्रकारको कर्जा सापट तथा सुविधा प्रवाह गर्न पाउने छैन । |
| ४६. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा २ मा संशोधन । | **२. केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने**<br>२.१ स्वीकृत गरेको कर्जा तथा सुविधा र ९० दिन भन्दा बढीले भाखा नाघेका कर्जा तथा सुविधाको संलग्न क.सू.फा.नं. १ र २ | **२. केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने :**<br>१ पूर्वाधार विकास बैंकले **केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी देहायको विवरण देहायका समयावधि भित्र** अद्यावधिक गर्नु पर्नेछ।<br>(क) आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा/सुविधा |

| | | | |
|---|---|---|---|
| | | बमोजिमको विवरण महिना भुक्तान भएको १५ दिनभित्र पठाउनु पर्नेछ ।<br><br>२.२ उपर्युक्त विवरण तत्पश्चात् प्रत्येक आर्थिक वर्षको त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र कर्जा चुक्ता नभएसम्म केन्द्रमा पठाउनु पर्नेछ । यसरी केन्द्रमा पठाएको विवरणमा पछि कुनै परिवर्तन भएमा वा कर्जा चुक्ता भएमा, भाखा नाघेको कर्जा नियमित भएमा वा भाखा मिति थप वा पुनरतालिकीकरण भएमा सो को जानकारी समेत १५ दिनभित्र अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।<br><br>२.४ ग्राहकको विवरण लिनु पर्ने<br><br>कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कर्जा/सुविधाको लागि आवेदन दिएमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-<br><br>(क) व्यक्तिगत ऋणी तथा जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपी, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण ।<br><br>(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा | **कर्जा प्रवाह गरेको ७ दिनभित्र ।**<br><br>(ख) ९० दिन भन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा/सुविधा **महिना भुक्तान भएको १५ दिनभित्र ।**<br><br>२ उपर्युक्त विवरण तत्पश्चात् प्रत्येक आर्थिक वर्षको त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र कर्जा चुक्ता नभएसम्म केन्द्रमा पठाउनु पर्नेछ । यसरी केन्द्रमा पठाएको विवरणमा पछि कुनै परिवर्तन भएमा वा कर्जा चुक्ता भएमा, भाखा नाघेको कर्जा नियमित भएमा वा भाखा मिति थप वा पुनरतालिकीकरण भएमा सो को जानकारी समेत १५ दिनभित्र अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।<br><br>३ ग्राहकको विवरण लिनु पर्ने :<br><br>इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकमा कुनै फर्म, कम्पनी वा संगठित संस्थावाट कर्जा/सुविधाको लागि आवेदन परेमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-<br><br>(क) जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपि, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण ।<br><br>(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा उल्लेख भए अनुरुपको प्रोप्राइटर/साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्न अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपि र सोसम्बन्धी निर्णय ।<br><br>(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका **१०** प्रतिशत वा सो भन्दा बढी सेयर |

| | | | |
|---|---|---|---|
| | | उल्लेख भएअनुरुपको प्रोप्राइटर/ साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्न अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपी र सो सम्बन्धी निर्णय ।<br>(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका १५ प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय ।<br>(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका १५ प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय ।<br>(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र इजाजतपत्र । | स्वामित्व भएका शेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका **१०** प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र रु. १० लाखभन्दा माथिको हकमा इजाजतपत्र । |
| ४७. | इ.प्रा. निर्देशन नं. १२ को | **हाल नभएको ।** | **२) कुनै ग्राहक/ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट उपबुँदा (१) बमोजिम कर्जा सूचना प्राप्त गरी सकेपछि अन्य** |

| | | | |
|---|---|---|---|
| | बुँदा ३ मा उपबुँदा २ थप । | | **निकायबाट सूचना लिन अनिवार्य हुने छैन ।** |
| ४८. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा ५को उपबुँदा ५.१ र ५.२ लाई उपबुँदा १ र २ कायम गरिएको । | उपबुँदा ५.१ र ५.२ | **उपबुँदा १ र २** |
| ४९. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा ७ मा उपबुँदा १ र ५ थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको ।** | **(१) पूर्वाधार विकास बैंकले धितो मूल्याङ्कन गराउने प्रयोजनका लागि मूल्यांकनकर्ता सूचीकृत गर्दा मुल्याङ्गनकर्ताको काम, कर्तव्य, अधिकार तथा उत्तरदायित्व स्पष्ट रुपमा उल्लेख गरी सम्झौता गर्नुपर्नेछ ।**<br>**(२) पूर्वाधार विकास बैंकले धितोको रुपमा ग्राह्य हुने सम्पत्तिको मूल्याङ्कन गराउँदा मूल्याङ्कनकर्ताले कुनै स्वार्थ नबाझिने गरी वा पूर्वाग्रह नराखी स्वतन्त्र रुपमा, अन्तर्राष्ट्रिय मान्यता र असल अभ्यासहरु समेतका आधारमा धितोको मूल्यांकन गरेको यकिन गर्नुपर्ने छ ।** |
| ५०. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा ७ मा उपबुँदा ५ थप गरी क्रमसंख्या मिलान । | | **(५) पूर्वाधार विकास बैंकले केन्द्रबाट कालोसूचीमा रहे/नरहेको सूचना लिई धितो मूल्याङ्गनकर्ताको सूची कायम गर्नु पर्नेछ ।** |
| ५१. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा १० को उपबुँदा १०.१, १०.२, १०.३, | उपबुँदा १०.१, १०.२, १०.३, १०.४ र १०.५ | उपबुँदा **१, २, ३, ४ र ५** |

| | | | |
|---|---|---|---|
| | १०.४ र १०.५ लाई उपबुँदा १, २, ३,४ र ५ कायम गरिएको । | | |
| ५२. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा १० को १०.१ (घ)मा संशोधन । | (घ) ऋणी गायव भएमा, | (घ) **ऋणी बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा नआएमा,** |
| ५३. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा १० को उपबुँदा १०.२को खण्ड (ङ) १ र २ मा संशोधन । | (ङ) खातामा मौज्दात अपर्याप्त भएमा,<br><br>कुनै व्यक्ति फर्म, कम्पनी वा सगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभई जतिसुकै रकमको चेक जारी गरेमा बुँदा नं. १०.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय वमोजम हुनेछ :-<br><br>(१) एकपटक भुक्तानी नभइकन फिर्ता भएको चेकको हकमा भुक्तानी पाउनुपर्ने व्यक्तिले सार्वजनिक विदा बाहेक कम्तीमा दुई दिनको समय दिई सम्बन्धित पूर्वाधार विकास बैंकमा पुनः चेक पेश गर्नसक्ने छ ।<br><br>यस खण्डको प्रयोजनको लागि संस्थाले खातामा मौज्दात अपर्याप्त रहेको कारण कुनै चेकको भुक्तानी दिन नसकेमा चेकको भुक्तानी पाउनुपर्ने पक्षलाई स्पष्ट रुपमा खातामा मौज्दात अपर्याप्त भएको उल्लेख गरी लिखित रुपमा | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>**कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभई जतिसुकै रकमको चेक जारी गरेमा वा चेक लिने व्यक्तिले चेकमा उल्लिखित विवरण सही भएको यकीन गर्न सक्ने अवस्थामा बाहेक अन्य कुनै कारणले चेक फिर्ता भएमा उपबुँदा नं. १ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम हुनेछ :-**<br>**(१) एकपटक भुक्तानी नभईकन फिर्ता भएको चेकको हकमा चेक धारक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कम्तीमा दुई कार्यदिनको समय दिई पूर्वाधार विकास बैंकमा पुनः चेक पेश गर्न सक्नेछ ।**<br>**यस खण्डको प्रयोजनको लागि पूर्वाधार विकास बैंकले खातामा मौज्दात अपर्याप्त रहेको कारण कुनै चेकको भुक्तानी दिन नसकेमा चेकको भुक्तानी पाउनुपर्ने पक्षलाई स्पष्ट रुपमा खातामा मौज्दात अपर्याप्त भएको उल्लेख गरी लिखित रुपमा सुसुचित गर्नुपर्नेछ ।**<br>**(२)सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा चेक धारक व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने पूर्वाधार विकास बैंकमा लिखित रुपमा जानकारी दिन सक्नेछ । तर, यस्तो निवेदन चेक जारी भएको मितिले ६ महिनाभित्र दिइसक्नु पर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| | | सुसुचित गर्नुपर्नेछ ।<br>(२) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा रकम भुक्तानी पाउनुपर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ । | |
| ५४. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा १० को १०.२ मा (झ) र (ञ) थप । | हाल नभएको । | **(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा**<br>**(१) कुनै फर्म, कम्पनी वा संस्थाले जारी गरेको चेकको हस्ताक्षर नमिलेको खण्डमा पूर्वाधार विकास बैंकले सो चेक धारकलाई चेकको हस्ताक्षर नमिलेको व्यहोरा लिखित रुपमा जानकारी गराउनु पर्ने छ ।**<br>**(२) चेक धारकले चेकको हस्ताक्षर नमिलेको व्यहोरा चेक जारी गर्ने फर्म, कम्पनी वा संस्थालाई पूर्वाधार विकास बैंकमार्फत जानकारी गराउनु पर्ने छ । चेक जारी गर्ने फर्म, कम्पनी वा संस्थाले चेकमा सही हस्ताक्षर नगरेमा वा चेक परिवर्तन नगरेमा धारकले पहिलो पटक चेक पेश गरेको २ कार्यदिनपश्चात चेकको रकम भुक्तानी गर्नुपर्ने पूर्वाधार विकास बैंकमा लिखित रुपमा जानकारी दिन सक्नेछ ।**<br>**(३) खण्ड (२) बमोजिम लिखित जानकारी प्राप्त भएपछि पूर्वाधार विकास बैंकले चेक जारी गर्ने त्यस्ता फर्म, कम्पनी वा संगठित संस्थालाई चेकको रकम भुक्तानी गर्न सार्वजनिक विदा बाहेक सात दिनको सूचना दिनुपर्नेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा (चेक हराएको, चोरी भएको वा अनाधिकृत** |

| | | | |
|---|---|---|---|
| | | | **रुपमा चेक जारी भएको लिखित निवेदन प्राप्त भएको अवस्थामा बाहेक) त्यस्तो चेक खिच्ने फर्म, कम्पनी वा संगठित संस्थालाई सो चेक बापतको बिल बिजक सहित व्यावसायिक कारोबार यकिन गरी सोको आधारमा उक्त चेक जारी गर्ने पूर्वाधार विकास बैंकले अनिवार्य रुपमा कालोसूचीमा सूचीकृत गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाउनु पर्नेछ।**<br>**(त्र) खण्ड (ङ) देखि खण्ड (झ) सम्मको व्यवस्था पूर्वाधार विकास बैंकमा खाता भई चेक जारी गर्ने विदेशी संस्था समेतलाई लागू हुनेछ।** |
| ५५. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा १७ मा अन्तिम वाक्य थप। | हाल नभएको। | **साथै, केन्द्रले प्रकाशन गर्ने कालोसूचीमा रहेका ऋणीहरुको सूचीमा व्यक्तिको हकमा नागरिकता नम्बर र कम्पनी/फर्महरुको हकमा स्थायी लेखा नम्बर (PAN ) समेत प्रकाशन गर्नुपर्नेछ।** |
| ५६. | इ.प्रा. निर्देशन नं. १३ को बुँदा १ को उपबुँदा २ (ख) र (ग) मा संशोधन। | (ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको **डेढी** प्रतिशतले।<br>(ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको **दोव्वर** प्रतिशतले। | ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको **१५०** प्रतिशतले।<br>(ग) तेस्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको **२००** प्रतिशतले। |
| ५७. | इ.प्रा. निर्देशन नं. १३ को बुँदा १ को उपबुँदा ४ मा | (४) अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए | (४) अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ। **एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम** |

| | | | |
|---|---|---|---|
| | संशोधन । | जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी **छब्बीस**ले भाग गरिने छ । | **दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ ।** |
| ५८. | इ.प्रा. निर्देशन नं. १३ को बुँदा ३ को उपबुँदा ३ (ख) र (ग) मा संशोधन । | (ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको दोब्बर प्रतिशतले ।<br>(ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको तेब्बर प्रतिशतले । | (ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको **२००** प्रतिशतले ।<br>(ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको **३००** प्रतिशतले । |
| ५९. | इ.प्रा. निर्देशन नं. १५ मा बुँदा १ को उपबुँदा २ लाई **बुँदा २ मा सारी** क्रमसंख्या मिलान गर्ने । | (२) संस्थाले आफ्ना ग्राहकका लागि कर्जा स्वीकृति गरी प्रवाह गर्ने प्रयोजनका लागि मात्र त्यस्ता ग्राहकहरुको नोमिनी खाताको रुपमा चल्ती खाता सञ्चालन गर्न पाउने छ । | **(२) पूर्वाधार विकास बैंकले आफ्ना ग्राहकका लागि कर्जा प्रवाह गर्ने प्रयोजनका लागि मात्र नोमिनी खाताको रुपमा चल्ती खाता सञ्चालन गर्न पाउने छ ।** |
| ६०. | इ.प्रा. निर्देशन नं. १५ मा बुँदा ३ को उपबुँदा २ मा (घ) थप गर्ने । | हाल नभएको । | **(घ) कुनै महिनामा ब्याजदर अन्तरको सीमा नाघेमा सोही त्रयमास सम्ममा सीमाभित्र ल्याउनु पर्नेछ ।** |
| ६१. | इ.प्रा. निर्देशन नं. १५ मा बुँदा ४ मा ४ थप गरी क्रमसंख्या | हाल नभएको । | **(१) कर्जा र निक्षेपको ब्याजदर र ब्याजदर अन्तरको विगत २ वर्ष अवधिको विवरण वेबसाइटमा प्रकाशन गर्नुपर्ने छ ।** |

| | | | |
|---|---|---|---|
| | मिलान गर्ने । | | |
| ६२. | इ.प्रा. निर्देशन नं. १६ को बुँदा १ को शीर्षकमा संशोधन । | १. निक्षेप संकलन सम्वन्धी व्यवस्था | १. **वित्तीय स्रोत** संकलनसम्बन्धी व्यवस्था : |
| ६३. | इ.प्रा. निर्देशन नं. १६ को बुँदा १(ग)मा संशोधन । | (ग) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।<br><br>तर संस्थाको कारोबार सञ्चालन भएको मितिले बढीमा ४ वर्षसम्म प्रतिस्पर्धाको माध्यमबाट वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी प्रत्येक बैंकमा बढीमा रु. १ अर्बको सीमामा नबढ्ने गरी निक्षेप जम्मा गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । | (ग) **पूर्वाधार विकास बैंक** ले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेपसम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।<br><br>तर **पूर्वाधार विकास बैंक**को कारोबार सञ्चालन भएको मितिले बढीमा ४ वर्षसम्म प्रतिस्पर्धाको माध्यमबाट वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी प्रत्येक बैंकमा बढीमा रु. १ अर्बको सीमामा नबढ्ने गरी निक्षेप जम्मा गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । |
| ६४. | इ.प्रा. निर्देशन नं. १६ को बुँदा १ मा घ थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **पूर्वाधार विकास बैंकले कुनै पनि व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघ संस्थाहरुबाट कुनै पनि प्रकारको निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित ब्याजदर (Coupon Rate) बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट संस्थालाई व्ययभार पर्ने कुनै प्रकारको आर्थिक सुविधा दिन पाइने छैन ।** |
| ६५. | इ.प्रा. निर्देशन नं. १६ मा बुँदा ६ थप | हाल नभएको । | **६. व्यवसाय विस्तार गर्ने उद्देश्यले वित्तीय ग्राहकलाई उपहार, चिठ्ठा लगायतका कार्यक्रम सञ्चालन गर्न नपाईने सम्बन्धमा :** |

| | | | |
|---|---|---|---|
| | गरी क्रमसंख्या मिलान । | | **पूर्वाधार विकास बैंकले व्यवसाय विस्तार गर्ने उद्देश्यले वित्तीय ग्राहकलाई कुनै पनि किसिमको उपहार/चिठ्ठा/प्रतियोगिता/पुरस्कार लगायतका कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।** |
| ६६. | इ.प्रा. निर्देशन नं. १७ को ४ को २ को क मा संशोधन । | (क) ग्राहकवाट सूचना लिने, | **(क) ग्राहकवाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने ।** |
| ६७. | इ.प्रा. निर्देशन नं. १७ को ४ को २ मा ङ र च थप । | हाल नभएको । | **ङ) प्रचलित कानूनबमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी अभिलेखबाट सूचना लिने ।**<br>**(च) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने ।** |
| ६८. | इ.प्रा. निर्देशन नं. १७ को ४ मा ४ थप । | हाल नभएको । | **(४) उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरुको सूचना तथा जानकारी पूर्वाधार विकास बैंकले जोखिमको आधारमा वा आवश्यकताअनुसार लिन सक्ने ।** |
| ६९. | इ.प्रा. निर्देशन नं. १७ को ५ को २ को क मा संशोधन । | (क) ग्राहकवाट सूचना लिने, | **(क) ग्राहकबाट सूचना लिने वा स्व-घोषणा गर्न लगाउने,** |
| ७०. | इ.प्रा. निर्देशन नं. १७ को ५ को २ को च थप । | हाल नभएको । | **(च) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायहरुबाट सूचना माग गर्ने ।** |
| ७१. | इ.प्रा. निर्देशन नं. १७ को ६ | (क) विद्युतिय माध्यमबाट कारोबार गर्ने ग्राहक, | **(क) विद्युतीय माध्यमबाट हुने कारोबारअर्न्तगत प्रणालीगत रुपमा महत्वपूर्ण र अस्वभाविक रुपमा शंकास्पद तवरवाट** |

| | | | |
|---|---|---|---|
| | को १ को क र ख मा संशोधन । | (ख) उच्च नेटवर्थ भएका ग्राहक,<br>(यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा संस्थाले आफै निर्धारण गर्नु पर्नेछ ।) | **कारोबार गर्ने ग्राहक ।**<br>**(ख) उच्च नेटवर्थ भएका ग्राहक, (यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा वा चरहरु, ग्राहक पहिचान विवरण र शंकास्पद कारोवारसम्बन्धी सूचकहरु (Red flag indicators) पूर्वाधार विकास बैंकले आफै निर्धारण गर्नु पर्नेछ ।)** |
| ७२. | इ.प्रा. निर्देशन नं. १७ को ६ को १ को घ र ङ मा संशोधन । | (घ) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक,<br>(यस प्रयोजनका लागि सम्बन्धित मुलुकहरुको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)<br>(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक । | (घ) भ्रष्टाचार, करछलीलगायत अन्य आपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल वसोवास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक ।<br>(यस प्रयोजनका लागि **पूर्वाधार विकास बैंक**ले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, **FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List** बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)<br>(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक **वा नयाँ वित्तीय प्रविधि वा उपकरणमार्फत कारोवार गर्ने ग्राहक ।** |
| ७३. | इ.प्रा. निर्देशन नं. १७ को ६ को १ को च थप । | | **(च) प्रचलित कानूनबमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहक ।** |
| ७४. | इ.प्रा. निर्देशन नं. १७ को ६ को २ मा संशोधन । | (२) उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित | (२) उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी वृहत् ग्राहक |

| | | | |
|---|---|---|---|
| | | उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अबलम्वन गरी बृहत् ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Deligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।<br>(क) सम्पत्तिको स्रोत पहिचान गर्ने ।<br>(ख) कारोबारको उद्देश्यको जानकारी लिने ।<br>(ग) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागी सीमा निर्धारण गर्ने । | पहिचान पद्धति (Enhanced Customer Due Diligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।<br>क) **कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने ।**<br>(ख) कारोबारको उद्देश्यको जानकारी **वा सोको प्रमाण लिने ।**<br>(ग) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने **वा अन्य कुनै उपाय अवलम्बन गर्ने ।**<br>**(घ) अन्तराष्ट्रिय प्रचलनअनुसार ECDD गर्ने संयन्त्रको विकास गरी सोमार्फत सूचना लिने ।** |
| ७५. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा ५ थप । | हाल नभएको । | **(५) सरलीकृत वर्गीकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोवार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फारम र विवरण मात्र प्रयोग गर्नुपर्नेछ ।** |
| ७६. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा ८ को २ को क मा संशोधन । | (क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा वर्षको १ पटक, | **(क) उच्च जोखिम देखिएका ग्राहकहरुको कम्तीमा वर्षको एक पटक तथा जोखिमको वर्गीकरण अनुसार ।** |
| ७७. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा ८ को २ को ङ मा संशोधन । | हाल नभएको । | **(ङ) पूर्वाधार विकास बैंकले जोखिम मूल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणालीबमोजिम उच्च जोखिममा रहेका ग्राहकहरुको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नु पर्नेछ ।** |
| ७८. | इ.प्रा. निर्देशन नं. १७ को | हाल नभएको । | **घ) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी** |

| | | | |
|---|---|---|---|
| | बुँदा मा ९ को १ मा घ र ङ थप । | | अद्यावधिक गरे नगरेको निश्चित गर्ने ।<br>(ङ) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने । फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने । |
| ७९. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा १० थप गरी क्रमसंख्या मिलान गर्ने । | हाल नभएको । | १०. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा तथा सम्पति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :<br>१. वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML- Production Environment) वाट मात्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।<br>२. जोखिम मुल्यांकनको आधारमा आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी समग्र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यप्रणाली व्यवस्थित गर्ने, जोखिम सापेक्ष ग्राहक पहिचान/अनुगमन/संकास्पद कारोबार पहिचान प्रणालीको व्यवस्था गर्ने र उक्त ऐनको परिच्छेद ६ख को व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा संस्थागत तथा क्षेत्रगत जोखिम मुल्यांकन सम्बन्धी प्रतिवेदन अर्ध वार्षिक रुपमा सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | | ३. सम्पत्ति शुद्धीकरण निवारण ऐनको उद्देश्य र यस बैंकवाट जारी निर्देशन बमोजिम सूचक संस्थाले जोखिमको आधारमा प्रणालीगत व्यवस्था सहित goAML को माध्यमवाट वित्तीय जानकारी इकाईमा रिर्पोटिङ्ग गरे/नगरेको तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा यस बैंकवाट जारी भएका निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा यस बैंकवाट आवश्यक निरीक्षण/सुपरिवेक्षण हुनेछ । |
| ८०. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा १३ मा संशोधन । | १३. सीमा कारोबार सम्बन्धमा :<br>(१) संस्थाले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १० क. बमोजिम देहायका सीमा (त्जचभकजयमि) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र अनुसूची १७.२ मा तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ ।<br>(क) कुनै ग्राहकले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकमको नगद कारोबार,<br>(ख) कुनै ग्राहकलाई एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकम बराबरको विदेशी मुद्राको भुक्तानी वा नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,<br>(ग) कुनै ग्राहकले एकै पटक वा | १३. सीमा कारोबार सम्बन्धमा :<br>(१) पूर्वाधार विकास बैंकले कुनै संस्थाले ऐनको दफा १०क. बमोजिम देहायका सीमा भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र अनुसूची १७.२ मा तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारका लागि छुट्टाछुट्टै TTR (Threshhold Transaction Reporting) पेश गर्नु पर्नेछ :<br>(क) एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा गरिएको रु.१० लाखभन्दा बढी रकमको नगद जम्मा कारोबार वा, एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खाताबाट गरेको रु.१० लाखभन्दा बढी रकमको नगद खर्च कारोबार,<br>(ख) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाखभन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,<br>(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख भन्दा बढी रकमको नगदमा |

| | | | |
|---|---|---|---|
| | | पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख वा सो भन्दा वढी रकमको विदेशी मुद्रा सटही कारोबार । | **सटही गरिएको विदेशी मुद्रा कारोबार ।**<br>**(नोटः-पूर्वाधार विकास बैंकले सीमा कारोबारलाई तीन प्रकार (TTR-Cash, TTR-Cross Border and TTR-FCY Exchange) मा वर्गीकरण गरी सीमा कारोबार प्रतिवेदन पेश गर्नुपर्नेछ । यस सम्बन्धमा थप स्पष्ट TTR Guidelines मा उल्लेख भएअनुसार हुनेछ ।)** |
| ८१. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा १४ को १ मा संशोधन । | (१) संस्थाले ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछ । | **(१) ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लिखित खास कारोबारका सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।** |
| ८२. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा १४ मा ४ र ५ थप । | हाल नभएको । | **(४) शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबारलाई पूर्वाधार विकास बैंकले प्रारम्भिक विश्लेषण गरी STR-PEP, STR-High, STR-Medium and STR-Low मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।**<br>**(५) पूर्वाधार विकास बैंकले ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै त्यस्तो शंकास्पद गतिविधिसम्बन्धी प्रतिवेदन (Suspicious Activity Report- SAR) यसै निर्देशनको अनुसूची १७.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जाकारी इकाईसमक्ष पेश गर्नु पर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| ८३. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा मा १६ मा ८ र ९ थप । | हाल नभएको । | **(८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो काम कारवाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोवारको पहिचान सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागू गर्ने र आवधिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।**<br>**(९) पूर्वाधार विकास बैंकको नीति र कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी प्रावधान राख्नु पर्नेछ । साथै, आतङ्कवादी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको विकास गर्नु पर्नेछ ।** |
| ८४. | इ.प्रा. निर्देशन नं. १८ को ७ मा संशोधन । | ७. संस्थाले अनिवार्य रुपमा आफ्नो वेबसाइट राख्नु पर्ने छ । वेबसाइटमार्फत हाल सार्वजनिक भएका सामाग्री २०७६ पौष मसान्तसम्ममा नेपाली भाषामा सार्वजनिक गर्नुका साथै अब उप्रान्त सार्वजनिक हुने सामाग्रीहरु नेपाली भाषामा समेत सार्वजनिक गर्नु पर्नेछ । | **७. पूर्वाधार विकास बैंकले अनिवार्य रुपमा आफ्नो वेबसाइट सञ्चालन गर्नुपर्नेछ । वेबसाइटमार्फत सार्वजनिक भएका सामग्री नेपाली भाषामा समेत सार्वजनिक गर्नु पर्नेछ ।** |
| ८५. | इ.प्रा. निर्देशन नं. १८ को ८ हटाइएको । | **८. निर्देशन पालना नगरेमा हुने कारवाही**<br>संस्थाले यो निर्देशन पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, | **निर्देशन नं. १९ को बुदा १३ मा सारिएको ।** |

| | | | |
|---|---|---|---|
| | | २०५८ को दफा १०० बमोजिम कारवाही हुनेछ । | |
| ८६. | इ.प्रा. निर्देशन नं. १९ मा बुँदा १३ थप । | | **१३. निर्देशन पालना नगरेमा हुने कारवाही**<br>**पूर्वाधार विकास बैंकले यो निर्देशन पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही हुनेछ ।** |
| ८७. | इ.प्रा. निर्देशन नं. १९ मा बुँदा १४ थप । | हाल नभएको । | **१४. खारेजी र बचाऊ**<br>**(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-**<br>**निर्देशन, २०७५ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ मंसिर २७ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।**<br>**(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।** |